# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७४।०५।०४ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

जिल्ला मालपोत कार्यलय, बाजुरामा कार्यरत प्राविधिक कोपिल राज गिरीले मुक्त हलिया पुनर्स्थापना कार्यक्रम अन्तर्गत घर मर्मत कार्यक्रममा हलियाहरुलाई प्राविधिक सहायता उपलब्ध गराए बापत सेवाग्राहीसंग विभिन्न बहानामा घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा जिल्ला प्रशासन कार्यालय, बाजुराबाट खटिई गएको टोलीले निजलाई रु. ८०,०००/- (असी हजार) घुस रकम लिदै गर्दाको अवस्थामा नियन्त्रणमा लिएको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टंगालबाट अनुसन्धान हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुँदा, निजलाई बिगो रु. ८०,०००/- (असी हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (ग) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता